त्रिभुवन विश्वविद्यालय

Tribhuvan University

# इञ्जिनियरिङ्ग अध्ययन संस्थान

# Institute of Engineering

# Bulletin

GPO Box 1915, Pulchowk Lalitpur, Ph: 977-1-5521531, Fax: 5525830, www.ioe.edu.np, bulletin@ioe.edu.np

*२०७८ साल भाद्र महिनाको बुलेटिन, प्रकाशन मिति: २०७८-०६-११ (Sept. 27, 2021), बर्ष २६ अंक ३, पुल्चोक, ललितपुर।*




*बडा दशैं, दिपावली, न्हु:दया भिन्तूना, छट, ईद, लोसार आदी पर्व*

## मंगलमय शुभकामना











२०७८ सालको बिजया दशमी, शुभ-दिपावली, न्हु:दया भिन्तूना-११४२, छट, ईद, ल्होसार लगयात आउँदै गरेको चाडहरुको उपलक्ष्यमा सम्पूर्ण शिक्षक, कर्मचारी, तथा बिद्यार्थी बर्गमा सु-स्वास्थ्य, दिर्घायु एवं प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

### इ. अ. सं. डीनको कार्यालय

## सम्पादकीय

### इ. अ. सं. को सैक्षिक उन्नयनमा प्राध्यापकहरुको भूमिका र दरवन्दी सम्वन्धमा।

पाँचवटा आँङ्गिक क्याम्पस र दशवटा समवन्धनप्राप्त कलेजहरु भएको त्रि. वि. इ. अ. सं. को शैक्षक संरचना नेपालकै सवै भन्दा ठूलो प्राविधिक संरचना हो। इ. अ. सं. को विभिन्न आंगिक क्याम्पसहरुमा १२ वटा कार्यमहरु स्नातक तहमा र ३२ वटा कार्यक्रमहरु स्नातकोत्तर तहमा सञ्चालन हुन्छन साथै पुल्चोक क्याम्पसका सवै कार्यक्रमहरुमा विद्यावारिधी उपाधिका अनुसन्धानात्मक कार्यहरु सञ्चालन हुन्छन। आंगिक क्याम्पसका सवै विभागहरुमा विद्यावारिधी उपाधि प्राप्त र धेरै अनुभव भएका विश्वस्तरका प्राध्यापकहरु कार्यरत भएकैले शिक्षकहरुको अध्ययन, अनुसन्धानबाट प्रकाशित कृतिहरुले सँस्थालाई विश्वस्तरको विश्वविद्यालयमा पहिचान गराउन सहयोग गरिरहेकै छ। यस संस्थाका आंगिक क्याम्पसहरुबाट पछिल्ला दिनहरुमा पुराना प्राध्यापकहरु अवकास हुनेक्रममा रहेको र नयाँ प्राध्यापकहरुको भर्नामा हुने ढिला सुस्ती साथै बिभाग तथा कार्यक्रमअनुसारको दरवन्दीमा एकरुपता नभएकोले साथै कतिपय विभागहरुमा शिक्षक, कर्मचारी, तथा विद्यार्थीको अनुपात नमिलेको हुँदा शैक्षिक उन्नयनमा केही समस्या रहेको महसुस गर्न सकिन्छ। कुनै पनि संस्थाको कर्मचारी व्यवस्थापन, सरुवा, बढुवा आदि कार्य एक महत्वपूर्ण बिषय हो। इ. अ. सं. पुल्चोक क्याम्पसकै उदाहरण लिने हो भने पनि डिप्लोमा कार्यक्रमबाट शुरु भएको यस क्याम्पसमा स्नातक, स्नातकोत्तर हुँदै विद्यावारिधीको पढाई भैरहँदा नेपाल सरकारको रेकर्डमा अझै पनि डिप्लोमा मात्र पढाई हुने संस्थाको रुपमा यो क्याम्पस परेको देखिनु दुर्भाग्य हो, जसले यति धेरै कार्यक्रम र तहहरु थपिंदा पनि तत्कालिन शिक्षक दरवन्दीमा थप नभएको साथै प्रशिक्षक तहका दर्वन्दीहरु मात्र रहेको देखिन्छ। विभागहरुमा लगातार कार्यक्रम तथा विद्यार्थी संख्या थपिंदै जानु, स्नातकोत्तर र विध्यावारिधी कार्यक्रमहरुका लागि शिक्षक दरवन्दी सृजना नहुनु साथै शिक्षक र विद्यार्थीको संख्याको अनुपातमा एकरुपता नभई शिक्षक संख्यामा निकै कमि हुनुले यथाशिघ्र इ. अ. सं. ले यस्ता खाले समस्याहरुलाई गहन अध्ययन गरि आवश्यक थप दरवन्दीका लागि पहल गर्नु पर्ने र शिक्षक-बिद्यार्थी अनुपात नमिलेका विभागहरुमा सोही अनुसार अनुपात मिल्ने गरि दरवन्दीको व्यवस्था/मिलान गर्नु पर्ने देखिन्छ। त्यस्तै शिक्षक र कर्मचारीहरुको दरवन्दीका साथै भौतिक पूर्वाधारहरुको उचित व्यवस्थापन पछिमात्र आगामी दिनहरुमा नयाँ आंगिक क्यामपस तथा कार्यक्रम थप गर्ने विषयमा योजना तर्जुमा गर्नु उचीत देखिन्छ। कतिपय हालका विभाग/कार्यक्रमहरुमा सह-प्राध्यापक तथा प्राध्यापक तहका दरवन्दीहरु प्रशस्त (आवश्यक भन्दा बढी) रहेको र कतिपयमा निकैनै कमी रहेको अवस्थालाई मधयनजर गर्दै बैज्ञानिक तवरले दरवन्दी व्यवस्थापन गर्नु र आवश्यकता अनुसार थप दरवन्दी सृजना गर्दै इ. अ. सं. ले सहज पदपूर्तिका लागि यथाशिघ्र भूमिका खेल्नु पर्ने देखिन्छ।

## नियुक्ति / सरुवा / बढुवा / राजिनामा/अवकाश

इ. अ. सं. अन्तर्गतका आङ्गिक क्याम्पस र केन्द्रहरुमा त्रि. वि. तथा इ. अ. सं. को निर्णय बमोजिम २०७८ भाद्र महिनामा नियुक्त, सरुवा तथा वढुवा, अवकाश हुनु भएका र विभिन्न पदबाट राजिनामा गर्नुभएका शिक्षक तथा कर्मचारीहरुको नामावली तपशिल बमोजिम रहेको छ।

| सि.नं | नाम | पद | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रा.डा.शैलेन्द्र कुमार मिश्र | प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस अन्तर्गत एप्लाईड साईन्सेस एण्ड केमिकल इन्जिनियरिङ्ग विभागका प्राध्यापक मिति २०७८/०९/१८ गते देखि त्रि.वि.सेवाबाट अनिवार्य अवकाश हुनुहुने । | २०७८/०५/०२ | त्रि वि केन्द्रिय कार्यालयको च.नं.२४६।०७८।०७९ |

| सि.नं | नाम | पद | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|
| २ | श्री सरिता सिंह अधिकारी | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, थापाथली क्याम्पसको उप-प्राध्यापक मिति २०७८/०२/३१ गते देखि त्रि.वि.सेवाबाट अनिवार्य अवकाश हुनुभएको । | २०७८/०५/०२ | त्रि वि केन्द्रिय कार्यालयको च.नं.९५।०७८।०७९ |
| ३ | श्री निर्मल प्रसाद बराल | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पश्चिमाञ्चल क्याम्पस,पोखरामा मिति २०७८/०५/०१ गतेदेखि लागू हुने गरी क्याम्पस प्रमुख पदमा नियुक्त हुनुभएको । | २०७८/०४/३२ | उपकुलपतिको कार्यालय च.नं.४७।०७७।०७८ |
| ४ | श्री ईश्वर के.सी. | प्रशिक्षक | त्रि.वि.इ.अ.सं, पश्चिमाञ्चल क्याम्पस,पोखरामा मिति २०७८/०५/१५ गतेदेखि लागू हुने गरी २ वर्षको लागि सहायक क्याम्पस प्रमुख (प्रशासन) पदमा नियुक्त हुनुभएको । | २०७८/०५/१५ | डीन कार्यालयको च.नं.३४६।०७८।०७९ |
| ५ | श्री टेक बहादुर कटुवाल | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पश्चिमाञ्चल क्याम्पस,पोखरामा मिति २०७८/०५/१५ गतेदेखि लागू हुने गरी २ वर्षको लागि सहायक क्याम्पस प्रमुख (फेसिलिटी) पदमा नियुक्त हुनुभएको । | २०७८/०५/१५ | डीन कार्यालयको च.नं.३४७।०७८।०७९ |
| ६ | श्री शुक्रराज पौडेल | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस,पुल्चोकमा मिति २०७८/०५/०२ गतेदेखि लागू हुने गरी २ वर्षको लागि सहायक क्याम्पस प्रमुख (शैक्षिक) पदमा पुनः नियुक्त हुनुभएको । | २०७८/०५/०१ | डीन कार्यालयको च.नं.२७१।०७८।०७९ |
| ७ | श्री बंशीराम प्रधान | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पुल्चोक क्याम्पस,पुल्चोकमा मिति २०७८/०५/०२ गतेदेखि लागू हुने गरी २ वर्षको लागि सहायक क्याम्पस प्रमुख (फेसिलिटी) पदमा पुनः नियुक्त हुनुभएको । | २०७८/०५/०१ | डीन कार्यालयको च.नं.२७०।०७८।०७९ |
| ८ | डा.इन्द्र प्रसाद आचार्य | सह-प्राध्यापक | त्रिभुवन विश्वविद्यालय विद्यार्थी कल्याण परिषद्को सदस्य पदमा मनोनयन हुनुभएको । | २०७८/०५/२७ | उपकुलपतिको कार्यालयको च.नं.३४७।०७८।०७९ |
| ९ | डा.अजय चन्द्र लाल | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं.,पुल्चोक क्याम्पस अन्तर्गत आर्किटेक्चर विभागमा सञ्चालित M.Sc in Urban Planning विषयको प्रोग्राम को-अर्डिनेटर पदमा मिति २०७७।१२।०१ देखि लागू हुने गरी २ वर्ष सम्मको लागि पुनः नियुक्ति गरिएको । | २०७७/१२/२७ | पुल्चोक क्याम्पसको च.नं.१७८५।०७७।०७८ |
| १० | डा.संजय उप्रेती | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं.,पुल्चोक क्याम्पस अन्तर्गत आर्किटेक्चर विभागमा सञ्चालित M.Sc in Energy Efficient Building विषयको प्रोग्राम को-अर्डिनेटर पदमा मिति २०७७।१२।०२ देखि लागू हुने गरी २ वर्ष सम्मको लागि पुनः नियुक्ति गरिएको । | २०७७/१२/२७ | पुल्चोक क्याम्पसको च.नं.१७८६।०७७।०७८ |

# अध्ययन बिदा

इ. अ. सं. का आंगिक क्याम्पसबाट अध्ययन बिदामा बस्नुहुने शिक्षकहरुको नामावली।

| सि.नं. | नाम | क्याम्पस | अध्ययन विदा स्वीकृत (देखि) | अध्ययन विदा स्वीकृत (सम्म) | कैफियत | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उप-प्रा.सिद्धार्थ शंकर | पुल्चोक क्याम्पस | २०७८/०४/०२ | २०७९/०४/०१ | १ वर्ष थप | २०७८/०५/२१ | इ.अ.सं.,डीन कार्यालयको च.नं.४१०।०७८।०७९ |
| २ | उप-प्रा.देउकाजी गुरुङ्ग | थापाथली क्याम्पस | २०७७/०८/०२ | २०७८/०८/०२ | १ वर्ष थप | २०७८/०५/०८ | इ.अ.सं.,डीन कार्यालयको च.नं.३०८।०७८।०७९ |

# विद्यावारिधी (Ph.D.)

इ. अ. सं. बाट २०७८ भाद्र महिनामा विद्यावारिधी शोध प्रस्तुत गर्नुहुनेहरुको नामावली निम्न बमोजिम छ।

| क्र. स. | शोधार्थीको नाम/थर | शोधको शीर्षक | उपाधी | पूरा भएको मिति |
|---|---|---|---|---|
| 1. | Babu R. Dawadi | "Analysis, Modeling, and Evaluation of Service Provider Legacy Network Migration to Software-Defined IPv6 Network" | Doctor of Philosophy in Computer Engineering | 2078/05/04<br>August 20, 2021 |

## त्रि. वि. इ. अ. सं. को आंगिक क्याम्पसहरुका विभिन्न पदहरुमा करार सेवामा नियुक्ती शिफारिस।

त्रि. वि. इन्जिनियरिङ्ग अध्ययन संस्थान डीन कार्यालयको च.नं. १४२९ मिति २०७७।१२।०८ गतेको पत्रानुसार गठीत पदपुर्ति समितिल आन्तरिक स्रोतबाट तलव/भत्ता खाने गरी पुल्चोक क्याम्पस पुल्चोक,पश्चिमाञ्चल क्याम्पस पोखरा, पूर्वाञ्चल क्याम्पस धरान र चितवन इ. क्याम्पस चितवन रामपुरको लागि मिति २०७७।१२।११ गतेको गोरखापत्रमा प्रकाशित आवश्यकता सम्बन्धि सूचना अनुसार आन्तरिक स्रोततर्फ बिभिन्न बिषयको शैक्षिक तथा प्रशासनिक पदहरुमा करार सेवामा पदपुर्तिको लागि आवेदन दिई लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुको अन्तरवार्ता मिति २०७८।०५।०८ देखि २०७८।०५।१३ सम्म संचालन गरिएकोमा तपसिलका क्याम्पसका लागि तपसिलमा उल्लेखित सफल तथा बैकल्पिक उम्मेदबारहरुको नामावली मिति २०७८।०५।१३ गते बसेको पदपुर्ति समितिको निर्णयानुसार तपशिल अनुसार प्रकाशन भएकोछ।

| क्याम्पस :- त्रि.बि.इ.अ.सं.पुल्चोक क्याम्पस, पुल्चोक । | | | | |
|---|---|---|---|---|
| क्र स. | रोल नं. | छनौट भएका उम्मेदवारको नाम | विषय | पद |
| १ | ९ | पुनम बैद्य | Biochemistry | उप-प्राध्यापक |
| | | वैकल्पिक | | |
| | ८ | रञ्जीत ठाकुर | Biochemistry | उप-प्राध्यापक |
| | | | | |
| २ | ६ | पूर्णिमा मुल्मी | Material science | उप-प्राध्यापक |
| | | वैकल्पिक | | |
| | ७ | अभिनव मान सिंह श्रेष्ठ | Material science | उप-प्राध्यापक |
| | | | | |
| ३ | ३७ | सत्रुधन प्रसाद यादब | Electronics | मुख्य प्राबिधिक सहायक |
| ४ | ३२ | सोनेलाल राय | Electronics | मुख्य प्राबिधिक सहायक |
| | | | | |
| ५ | ४१ | सुरेन्द्र कुमार शाह | Electrical | प्राबिधिक सहायक |
| ६ | ४२ | अनिल कुमार राउत | Electrical | प्राबिधिक सहायक |
| | | वैकल्पिक | | |
| | ४५ | चिन्तामणी गिरी | Electrical | प्राबिधिक सहायक |
| | | | | |
| ७ | ३० | अन्तिम प्रसिद्ध धिताल | Computer | मुख्य प्राबिधिक सहायक |
| | | | | |
| ८ | ११ | उत्तम बिष्ट | Chemical Engineering | उप-प्रशिक्षक |
| ९ | १७ | सरोज राज काफ्ले | Chemical Engineering | उप-प्रशिक्षक |
| | | वैकल्पिक | | |
| | १३ | रौनक पाण्डे | Chemical Engineering | उप-प्रशिक्षक |
| | | | | |
| १० | २५ | कृष्ण साउद | Electrical | मुख्य प्राबिधिक सहायक |
| ११ | २८ | सरोज कुमार शाह | Electrical | मुख्य प्राबिधिक सहायक |
| | | वैकल्पिक | | |
| | १९ | सुरेन्द्र कुमार शाह | Electrical | मुख्य प्राबिधिक सहायक |

| क्याम्पस :- त्रि.बि.इ.अ.सं.पश्चिमाञ्चल क्याम्पस, पोखरा । | | | | |
|---|---|---|---|---|
| क्र स. | रोल नं. | छनौट भएका उम्मेदवारको नाम | विषय | पद |
| १ | ७९ | सबिना पौडेल | Civil Transportation | उप-प्राध्यापक |
| २ | ८० | नवराज न्यौपाने | Civil Geology | उप-प्राध्यापक |
| | | | | |
| ३ | ५५ | सुरज श्रेष्ठ | Electrical | उप-प्राध्यापक |
| ४ | ५१ | सन्दिप धामी | Electrical | उप-प्राध्यापक |
| | | **वैकल्पिक** | | |
| | ५४ | समृद्धि भट्टराई | Electrical | उप-प्राध्यापक |
| | | | | |
| ५ | ७७ | सन्दिप दुवाडी | Civil | उप-प्राध्यापक |
| ६ | ५८ | श्रीधर खकुरेल | Civil | उप-प्राध्यापक |
| | | **वैकल्पिक** | | |
| | ७५ | सुबास सापकोटा क्षेत्रि | Civil | उप-प्राध्यापक |
| | | | | |
| | | | | |
| ७ | ८४ | दुर्गा बस्ताकोटी | Mechanical | उप-प्राध्यापक |
| | | **वैकल्पिक** | | |
| | ८६ | प्रकाश गिरी | Mechanical | उप-प्राध्यापक |
| | | | | |
| ८ | ८८ | चिरञ्जिवी दाहाल | Automobile | उप-प्राध्यापक |
| | | **वैकल्पिक** | | |
| | ९५ | प्रकाश गिरी | Automobile | उप-प्राध्यापक |
| | | | | |
| ९ | ९७ | बिदुर देबकोटा | Computer | उप-प्राध्यापक |
| | | **वैकल्पिक** | | |
| | ९६ | भेष बहादुर थापा | Computer | उप-प्राध्यापक |
| | | | | |
| १० | १०३ | बसुन्धरा लम्साल | | मुख्य प्राबिधिक सहायक ल्याब असिष्टेण्ट |
| | | | | |
| ११ | १४४ | गणेश अधिकारी | Electricien | प्राबिधिक हायक |
| १२ | १४५ | मधुसुदन भुषाल | Electricien | प्राबिधिक हायक |
| | | | | |
| १३ | १११ | करूणा ढुंगाना | | कार्यालय हायक |
| १४ | १२० | प्रेमराज भण्डारी | | कार्यालय हायक |
| | | **वैकल्पिक** | | |
| | १२९ | लक्ष्मी देवी शर्मा | | कार्यालय हायक |
| | | | | |
| १५ | १३३ | शारदा कुमारी थापा क्षेत्री | | लेखा सहायक |

| क्र स. | रोल नं. | छनौट भएका उम्मेदवारको नाम | विषय | पद |
|---|---|---|---|---|
| **क्याम्पस :-** त्रि.बि.इ.अ.स.चितवन इ. क्याम्पस चितवन रामपुर । | | | | |
| १ | १४७ | दीप पाण्डे | Architecture | उप-प्राध्यापक |
| २ | १४६ | सुरज शाहि | Architecture | उप-प्राध्यापक |
| | | | | |
| ३ | १४८ | प्रकाश पौडेल | Free Hand Sketching | सहायक प्राध्यापक |
| | | | | |
| **क्याम्पस :-** त्रि.बि.इ.अ.सं.पुर्वाञ्चल इ. क्याम्पस, धरान । | | | | |
| १ | ४८ | मिमाङ हाङ किरात | Architecture | उप-प्राध्यापक |


*बुलेटिन प्रकाशन परिवार*

प्रा. डा. शशीधर राम जोशी — संरक्षक
प्रा. डा. सुशील ब. बज्राचार्य — सल्लाहकार
प्रा. डा. ज्ञान ब. थापा — सल्लाहकार
प्रा. डा. राजेन्द्र श्रेष्ठ — सल्लाहकार

प्रा. डा. चिन्तामणी पोखरेल — संयोजक
बाबुराम दवाडी — सदस्य (सम्पादक)
विदुर ढकाल — सदस्य
पूर्ण प्रसाद गौतम — सदस्य
भिम बहादुर श्रेष्ठ — सदस्य सचिव


**इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेज, अनुशन्धान/परामर्श केन्द्र, शाखा/महाशाखाहरुलाई अनुरोध!**

सम्वन्धित संस्थाको उचित कार्यसम्पादन मुल्याङ्कन तथा उच्च पारदर्शीता कायम राख यस बुलेटिन प्रकाशनले अहम भूमिका खेल्ने अपेक्षा गरिएको छ।

तसर्थः इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेजहरु, सम्वन्धित विभागहरु, अनुसन्धान/परामर्श सेवा केन्द्रहरु, शाखा/महाशाखाहरु आदिले संस्था र सार्वजनिक सरोकारसँग सम्वन्धित गतिविधिहरु प्रत्येक महिनाको २६ गते भित्र इ. अ. सं. को इ-मेल bulletin@ioe.edu.np मा पठाई सहयोग गर्नुहुन बुलेटिन प्रकाशन समिति हार्दिक अनुरोध गर्दछ। साथै बुलेटिन प्रकाशन सम्वन्धमा कुनै Feedback/Comments र सुझावहरु भएमा सो समेत पठाउन अनुरोध गरिन्छ।

**इ. अ. सं. बुलेटिन प्रकाशन समिति**